(३) माथि खण्ड (२) मा उल्लिखित सुविधाको अतिरिक्त यस सूचना बमोजिम स्वेच्छिक अवकाश लिने कर्मचारीहरुलाई निजले सात वर्षको नियमानुसार पाउने निवृत्तभरण रकम एकमुष्ठ अग्रिम रुपमा प्रदान गरिनेछ ।

(४) माथि खण्ड (१) बमोजिम स्वेच्छिक अवकाशको लागि प्राप्त निवेदनहरु उपर छानविन गरी निवेदन स्वीकृत वा अस्वीकृत गर्ने अन्तिम अधिकार सामान्य प्रशासन मन्त्रालयमा निहित रहनेछ ।

## सूचना २

नेपाल सरकारले नेपाल विविध सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० को नियम १० ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरुको अनुसूची-१ को क्रमसंख्या ४ को राजपत्रांकित तृतीय श्रेणीमा रहने पदहरु अन्तर्गत देहायका पदहरु थप गरेको छ :-

"प्रशिक्षण अधिकृत (गलैंचा)

प्रशिक्षण अधिकृत (मेकानिकल)

प्रशिक्षण अधिकृत (फर्निचर)

प्रशिक्षण अधिकृत (नेपाली कागज)

वरिष्ठ टेलिफोन अपरेटर"

आज्ञाले,
शिव बहादुर रायमाझी
नेपाल सरकारको नि.सचिव

### नेपाल सरकार
### कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको
## सूचना १

नेपाल सरकारले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ अन्तर्गतको मुद्दालाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।